भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
गण्डकी प्रदेश
पोखरा

# यान्त्रिकीकरणमा अनुदान सहयोग सम्बन्धी कार्यक्रम संचालन, मापदण्ड २०७७

(मन्त्रीस्तरबाट स्वीकृत मिति २०७७।०६।११)

**प्रस्तावनाः** कृषि कार्यमा सहजता ल्याउन तथा कृषि तथा पशुपालनको उत्पादन लागत घटाई कृषिको व्यवसायीकरणलाई प्रवर्धन गर्न कृषि उपज उत्पादन तथा पशुपालन क्षेत्रमा प्रयोग हुने उन्नत तथा आधुनिक मेसिनरी औजार उपकरण खरिदमा अनुदान उपलब्ध गराउने उद्देश्यले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश मातहतका कार्यालयहरुको वार्षिक कार्यक्रम सञ्चालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक तथा आर्थिक पक्षः

स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटको परिधि भित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा वढी मेसिनरी औजार तथा उपकरण खरिदका लागि कुल खरिद लागतको बढीमा ७५ प्रतिशतसम्म अनुदान सहयोग अनुदानग्राही (कृषक, कृषक समुह, कृषि सहकारी, फर्म तथा कम्पनी) लाई उपलब्ध गराउन सकिनेछ।

(क) मिनी टिलर र पावर टिलर (अधिकतम २० एच.पि. सम्म) र यसका एट्याचमेन्टहरु (एन्टी स्कीड ह्वील, डिस्क प्लाव, डिस्क हैरो, रिजर, वण्ड फर्मर, सिड ड्रिल, सिड कम फर्टिलाइजर ड्रिल, थ्रेसर, रिपर आदि)।

(ख) पावर स्प्रेयर, बुस कटर, विडर, खाडल खन्ने मेसिनरी औजार, बीउ प्रशोधन मेशिनहरु तथा अन्नवाली, फलफूल, तरकारी खेतीको लागि आवश्यक अन्य यन्त्र तथा उपकरणहरु।

(ग) पशुपालनमा प्रयोग हुने ग्रास कटर, च्याफ कटर, मिल्किङ मेसिन, मिल्क क्यान, मिल्क एनलाईजार, ग्रान्डर, पेलेटिङ मेसिन, वाटर प्युरिफायर र दुग्ध पदार्ध विविधीकरण सम्बन्धी सामाग्रीहरु आदि।

(घ) माछापालनमा प्रयोग हुने एरेटर, दाना बनाउने यन्त्र, जाल, महाजाल।

(ङ) एक अनुदानग्राहीलाई उपलब्ध गराईने अनुदानको सीमा अधिकतम रु. ८०,०००/- सम्म हुनेछ।

## ३. मूल्याङ्कनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| **१** | **अनुदानको अवस्था** | **१५** |
| (क) | हालसम्म कुनैपनि अनुदान प्राप्त नगरेको | १५ |
| (ख) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त नगरेको | १० |
| (ग) | पछिल्लो दुई आ.व. मा सोही प्रकृतिको कार्यको लागि अनुदान प्राप्त गरेको । | ० |
| **२** | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | **१५** |

| क्र.सं. | मूल्याङ्कनका आधार | अङ्क भार |
|---|---|---|
| (क) | कुल लागतको २५ प्रतिशत साझेदारीका लागि ५ अंक र अनुदानग्राहीबाट २५ प्रतिशत भन्दा बढी लागत साझेदारी भएमा प्रति ५ प्रतिशतको लागि १ अंकका दरले थप गरी अधिकतम १५ अंक प्रदान गर्ने। | १५ |
| ३ | व्यवसायिक योजना सम्बन्धी प्रस्ताव (बजारीकरण, दिगोपना, नविनतम सोच लगायतका विषयहरु तथा स्थलगत अनुगमन प्रतिवेदन समेतका आधारमा प्रस्ताव मूल्यांकन गरी १ देखि १० सम्म अंक प्रदान गर्ने) | १० |
| | **जम्मा** | ४० |

**४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः**

(क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा (१६) को उपदफा (३) बमोजिमका कागजातहरु।

(ख) मिनीटिलर तथा पावर टिलर खरिद अनुदानको हकमा खेती गरिएको जग्गाको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करार/ लिजमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको लागि करार सम्झौताको प्रतिलिपि।

**५.प्रस्तावको ढाँचाः**

**क. आवेदकको संक्षिप्त परिचय**

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| खेती/व्यवसाय भएको स्थानको ठेगानाः | प्रोपाईटर/कृषकको नामः<br>सम्पर्क नं- |

**ख. हालको व्यवसाय/खेतीको विवरण**

| क्र.सं. | **व्यवसाय/खेती**को नाम | व्यवसायको आकार (रोपनी/संख्या) | उत्पादनको नाम | वार्षिक उत्पादन मे.ट. | बाली प्रणाली |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | जम्मा | | | | |

वार्षिक बिक्री परिमाणः ................ वार्षिक कारोबार रकमः रु. ...................

ग) **अनुदानमा खरिद गरिने यन्त्र तथा उपकरणको विवरण।**

| क्र.सं. | मेशिनरी औजार/यन्त्र/उपकरणको नाम र संख्या | हर्षपावर, अन्य स्पेशिफिकेसन केही भए उल्लेख गर्नुहोस्। | अनुमानित खरिद रकम (रु.) | अनुदानग्राहीले बेहोर्ने रकम (रु.) | कार्यालयले बेहोर्ने रकम (रु.) |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

**घ) लाभान्वित घरधुरीः** १) प्रत्यक्षः ........... २) अप्रत्यक्षः ................

ङ) खेती कार्यमा प्रयोग हुने यन्त्र उपकरणको हकमा,

अ) जग्गाको क्षेत्रफलः .......... रोपनी,

आ) कित्ता नं.ः ................

च) मेसिनरी औजारको मर्मत संभार कसरी गर्नुहुन्छ र यन्त्र तथा औजारको सदुपयोग कसरी गर्नुहुन्छ? उल्लेख गर्नुहोस्।

छ) यस भन्दा अघि यन्त्र उपकरण खरिदमा अनुदान प्राप्त गर्नु भएको छ? यदि गर्नुभएको भए अनुदान प्राप्त गरेको आ.व. र यन्त्र उपकरणको नाम उल्लेख गर्नुहोस्।

ज) अन्य विषय केही भए उल्लेख गर्नुहोस्।